**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**

**बबरमहल, काठमाण्डौ**

# सेवा प्रवाह सम्वन्धी अत्यन्त जरुरी सूचना

विश्व महामारी कोभिड १९ को जोखिम न्यूनीकरण गर्ने उद्देश्यले नेपाल सरकारद्वारा घोषित करिब ३ महिनाको लकडाउनमा समेत अत्यावश्यक सेवा प्रवाह गरेको यस विभागले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०७७ असार १ देखि नियमित सेवा संचालन गरिरहेको छ । विभागले मिति २०७७ श्रावण २१ देखि सेवाग्राहीको भिडभाड नियन्त्रण एवं वाणिज्य व्यवसाय दर्ता तथा नियमनको कार्यलाई व्यवस्थित गर्नको लागि व्यवसाय दर्ता, नवीकरण, संशोधन, खारेजी जस्ता कार्यहरूको लागि अनलाइन प्रणाली मार्फत निवेदन र कागजात पेश गर्न सकिने व्यवस्था गरेको भएतापनि थोरै मात्र सेवाग्राहीले यसबाट सेवा लिई रहनुभएको र विभागमा सेवाग्राहीको अत्याधिक चाप रहेको छ । सेवाग्राहीको भिडभाडले गर्दा कार्यालयबाट नै कोभिड १९ को संक्रमण सर्वसाधारणमा फैलन सक्ने जोखिम बढेको कारण स्थानीय प्रशासनले समेत निषेधाज्ञा र सेवाहरू कटौती गरिरहेको सन्दर्भमा यस विभागबाट प्रदान हुने सेवाहरू मिति २०७७ श्रावण २५ देखि २०७७ भाद्र ८ सम्मको लागि देहायबमोजिम संचालन गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**<u>देहाय</u>**

| स्थगित हुने सेवाहरूः | दैनिक बढिमा २०/२० को संख्यामा प्रदान गरिने सेवाहरू | नियमित हुने सेवाहरू |
|---|---|---|
| • नयाँ प्राइभेट र साझेदारी फर्म दर्ताका कार्यहरू<br>• अत्यावश्यक वस्तु आयात गर्ने बाहेक अन्य व्यापारमुलक प्रकृति भएका प्राइभेट लिमिटेड (प्रा. लि.) को इजाजत सम्वन्धी | • प्राइभेट र साझेदारी फर्म नवीकरण, संशोधन र खारेजी *(अनिवार्यरुपमा अनलाइन प्रणाली मार्फत निवेदन तथा कागजात पेश गर्नुपर्ने र पेश गरिएको निवेदन स्वीकृत भएपछि मात्र कार्यालयमा सम्पर्क गर्नेगरी)*<br>• एजेन्सी नवीकरणको कार्य | • बजार अनुगमन सम्बन्धी कार्य<br>• आयात निर्यात अनुमति तथा इजाजत सम्बन्धी कार्य<br>• मुद्दा सम्बन्धी कार्य |

**विशेष अनुरोध :**

कोभिड १९ को संक्रमणलाई ध्यानमा राखी सेवा लिने क्रममा विभाग परिसरमा रहँदा अनिवार्यरुपमा मास्क लगाउनुहुन र सामाजिक दूरी कायम गर्नुहुन समेत अनुरोध गरिन्छ ।